
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन १५ गते मंगलबार ❑ 30 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## प्रस्तावित निर्वाचन आयुक्त प्रधान अस्वीकृत

**रासस**
पोखरा, १४ साउन

सङ्घीय संसद् संसदीय सुनुवाइ समितिले निर्वाचन आयुक्तमा प्रस्तावित कृष्णमान प्रधानको नाम अस्वीकृत गरेको छ ।

समितिका ज्येष्ठ सदस्य पशुपति शम्शेर जवराको अध्यक्षतामा बसेको बैठकले प्रधानको नाम अस्वीकृत गरेको समिति सदस्य महेशकुमार बर्तौलाले जानकारी दिनुभयो ।

यसअघि समितिको बैठक बस्नुअघि नै प्रधानले आफूलाई प्रस्ताव गरिएको पदमा उम्मेदवारी कामय राख्न नचाहेकोबारे आजै लिखित जानकारी गराउनुभएको थियो । उहाँले प्रस्तावित आयुक्तबाट नाम फिर्ता लिएको जनाउँदै समितिसमक्ष निवेदन दिनुभएको हो । समितिले



सोही निवेदनका आधारमा बैठकले प्रधानको नाम अस्वीकृत गर्ने निर्णय गरेको सदस्य बर्तौलाले बताउनुभयो । समितिले प्रस्तावित व्यक्तिबाटै प्रस्तावित पदमा नियुक्तिका लागि उम्मेदवारी कायम राख्न नचाहेको जनाउँदै प्रधानको नाम अस्वीकृत गर्ने निर्णय गरेको उहाँले बताउनुभयो ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको संवैधानिक परिषद्ले गत असार २ गते नेपाल कानुन समाजका कार्यकारी निर्देशक प्रधानको नाम निर्वाचन आयुक्तमा प्रस्तावगरी संसदीय सुनुवाइका लागि सङ्घीय संसद् सचिवालयमा पठाएको थियो ।

समितिलाई मंगलबार पत्र लेख्दै उहाँले संवैधानिक परिषद्को सिफारिसप्रति निष्ठावान् रहँदारहँदै पनि आफूप्रति केन्द्रित दुष्प्रचारको माझमा सिफारिस भएको पदमा रहेर काम गर्ने हौसला र इच्छा बाँकी नरहेको उल्लेख गर्नुभएको छ । भविष्यमा राज्यले प्रदान गर्ने जुनसुकै जिम्मेवारीप्रति निष्ठावान् रहने वचनबद्धता व्यक्त गर्दै प्रधानले लेख्नुभएको पत्रमा भनिएको छ, "सिफारिस भएको निर्वाचन आयोगको आयुक्त पदमा नियुक्तिका लागि मेरो उम्मेदवारी कायम राख्न नचाहेकाले सम्मानित समितिसमक्ष जानकारीसहित अनुरोध गर्दै सोअनुसार व्यवस्था हुन सविनय अनुरोध गर्दछु ।"
समितिको साउन ९ गतेको बैठकमा प्रस्तावित निर्वाचन आयुक्त प्रधानले आफ्नो अनुभव, योग्यता, क्षमतासहितको योजनासम्बन्धी अवधारणा र कार्ययोजना प्रस्तुत गर्नुभएको थियो ।

प्रधानको अवधारणा र कार्ययोजना सुनेपछि समिति सदस्यले उच्च नैतिक व्यक्ति रहनुपर्ने निर्वाचन आयोग जस्तो संवैधानिक निकायमा उजुरीमा उठाइएका प्रश्नको स्पष्टीकरण माग गर्नुभएको थियो । उहाँविरुद्ध यौन दुराचारको अभियोगसम्बन्धी चार वटा उजुरी परेका थिए ।

## स्कुल बस दुर्घटना हुँदा आमा र छोराको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

पोखरामा स्कुल बस दुर्घटना हुँदा आमा र छोराको मृत्यु भएको छ । पोखरा पार्दीविरौटाको एलपी देवकोटा मेमोरियल स्कुलको बस बस पोखरा २१ को मट्टिखान नजिक गिङ्कुको भिरबाट पल्टन पुग्दा बिद्यालयकी कर्मचारी पोखरा २१ रामदीकी ३३ बर्षकी आरती विक र उहाँको ६ बर्षको छोरा प्रिन्स बि.क.को उपचारकै क्रममा सोमबार मृत्यु भएको प्रहरीले जनाएको छ ।

उहाँहरुको शव पोष्टमार्टमको लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लगिएको छ । गिङ्कुको भिरबाट बस पल्टन पुग्दा बसका चालक पोखरा १७ का ५५ बर्षका टेक बहादुर भुजेल सहित २८ जना घाइते हुनुभएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी बशन्तकुमार शर्माले बताउनुभयो । उहाँका अनुसार बस दुर्घटनामा परी २२ जना एलपी देवकोटाका विद्यार्थी सहित २८ जना घाइते हुनु भएको छ । घाइतेहरुको पोखराका विभिन्न अस्पतालमा उपचार भई रहेको पोखरा २१ का वडा अध्यक्ष दीपक प्रसाद सुवेदीले बताउनुभयो । उक्त बसमा केही अभिभावक, केही अन्य विद्यालयका समेत विद्यार्थी आउनु भएकोथियो । सोमबार बिहान करिब ८:५५ बजे बस दुर्घटनामा पर्दा सडकबाट करिब ५० मिटर तल बस पुगेको स्थानीयले बताउनुभयो । ग १ क ६२१९ नम्बरको बस पल्टन साथ उहाँहरुको प्रहरी र स्थानीयको सहायताबाट घाइतेहरुको उद्धार गरिएको कास्कीका प्रहरी प्रमुख



एसपी मोहनकुमार थापाले बताउनुभयो । गण्डकी मेडिकल कलेजमा १३ जनाको उपचार भई रहेको छ भने पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) पोखरामा १२ र मणिपाल शिक्षण अस्पतालमा ३ जनाको उपचार भई रहेको छ । अधिकांश घाइतेहरुको अबस्था मध्य तथा केहीको सामान्य अबस्था रहेको अस्पताल श्रोतले जनाएको छ । स्कूल बस दुर्घटनाको कारण पत्ता लगाउन पोखरा महानगरपालिकाले छानबिन समिति गठन गरेको छ । एलपी देवकोटा मेमोरियल स्कूलको बस विद्यार्थी लिएर आउँदै गर्दा दुर्घटनामा परी दुई जनाको मृत्यु र २८ जना घाइते भएपछि महानगरका शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यको संयोजकत्वमा समिति गठन गरिएको हो । समितिमा महानगरका उपसचिव कृष्णप्रसाद तिवारी, महानगरीय प्रहरी बलका प्रमुख पुरुषोत्तम थापा र मेकानिकल इञ्जिनीयर सरोज चालिसे सदस्य रहनुभएको छ । समितिको सदस्य सचिवमा शिक्षा अधिकृत रामप्रसाद तिवारीलाई तोकिएको छ । समितिलाई दुर्घटनाको कारण, सवारीसाधन, चालकको अवस्था, बसमा सवार विद्यार्थीको सङ्ख्या, विद्यार्थी राख्न पाउने सङ्ख्यालगायत विषयमा छानबिन गरी सात दिनभित्र प्रतिवेदन पेस गर्न कार्यादेश दिइएको महानगरका प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापाले बताउनुभयो ।

पोखरा-२१ मा भएको दुर्घटनामा विद्यालयकी कार्यालय सहयोगी ३३ वर्षीया आरती विक र उहाँका छोरा छ वर्षीय प्रिन्स विकको गण्डकी मेडिकल कलेजमा उपचारको क्रममा निधन भएको थियो । दुर्घटनाग्रस्त बसका चालक, एक शिक्षिका, एक अभिभावक र घाइते २५ विद्यार्थीको हाल विभिन्न अस्पतालमा उपचार भइरहेको छ । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले अस्पताल पुगेर उपचाररत घाइतेको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको थियो । महानगर प्रमुख आचार्यले घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारमा विशेष ध्यान दिन चिकित्सकहरूलाई निर्देशन दिनुभएको छ ।

## प्रदेशका भौतिक मन्त्री गुरुङलाई कारवाही गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री राजीव गुरुङ (दीपक मनाङे) लाई कारवाही गर्न माग गरिएको छ ।

संसदीय पत्रकार मञ्च गण्डकीले सोमबार प्रदेशका कार्यवाहक मुख्यमन्त्री विन्दुकुमार थापा समक्ष कारवाहीको माग गरेको हो । नैतिक आचारणको ख्याल नगर्ने र पत्रकार माथि गैरजिम्मेवार अभिव्यक्ति दिने मन्त्री गुरुङले नामै किटेर दिएको अभिव्यक्तिप्रति गम्भिर ध्यानाकर्षण भएको मञ्च गण्डकीका अध्यक्ष भरतराज कोइरालाले बताउनु भयो । मञ्चले सोमबार ध्यानाकर्षण गराउदै नैतिक आचारणको ख्याल नगर्ने र पत्रकारमाथि गैरजिम्मेवार अभिव्यक्ति दिने मन्त्री गुरुङलाई कारवाही गर्न गण्डकी प्रदेश सरकार समक्ष माग गरेको उहाँले जनाउनु भयो । उक्त उल्लेखनिय रुपमा सहभागि पत्रकारहरु माझ ध्यानाकर्षण पत्र बुझ्दै कार्यवाहक मुख्यमन्त्री थापाले मन्त्री गुरुङले दिएको अभिव्यक्ति प्रति आइतबार नै उहाँसंग सोधपुछ गरेको जनाउनु भयो । आगामी दिनमा यस्ता बिषयमा सरकार गम्भिर हुने बताउदै उहाँले आगामी दिनमा यस्ता घटना हुन नदिन आफुहरु कटिवद्ध भएको वचन दिनु भयो । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई उक्त घटनको बिषयमा समेत जानकारी गराएको कार्यवाहक मुख्यमन्त्री थापाले उल्लेख गर्नु भयो ।

हरेक खालका आन्दोलनमा राजनीति दलको साथमै रहेर मुलुकको व्यवस्था र अवस्था परिवर्तनका लागि क्रियाशील पत्रकारिता जगतमाथि हुने यसखालका व्यवहार असह्य हुने मञ्चले जनाएको छ । नागरिक अधिकार र अभिव्यक्ति स्वतन्त्रका खातिर कठिन परिस्थितिको सामना गर्दै पेसालाई निरन्तरता दिन पत्रकारहरु वाध्य भएको बताउदै अध्यक्ष कोइरालाले पत्रकारिता पेशा नै हाल संकटमा परेका वेला यस्ता अभिव्यक्ति दिन स्वतन्त्र प्रेस माथि हनन भएको जनाउनु भयो ।

मन्त्री गुरुङको पछिल्ला गतिविधिहरु प्रति संसदीय पत्रकार मञ्च गण्डकीको गम्भीर ध्यानाकर्षण भएको प्रेस विज्ञेप्ति मार्फत जनाएको छ । नैतिकताको आधारभूत सिद्धान्त समेत पालना नगरी, मन्त्रीले पदीय मर्यादाको ख्यालै नगरी भित्रीवस्त्र मात्र लगाएर मन्त्रालयको कुर्सीमा बस्नु आफै अशोभनीय कार्य भएको अध्यक्ष कोइरालाले बताउनु भयो । गण्डकी प्रदेश सरकारले मन्त्रिपरिषदका सदस्यले पालना गर्नुपर्ने आचारसंहिता विसं २०७४ चैत १२ गते प्रदेश मन्त्रिपरिषदबाट जारी भएको मञ्चले स्मरण गराएको छ । प्रदेश मन्त्री परिषदका सदस्य एवं सरोकारवालाका लागि जारी गरिएको ३० बुँदे आचारसंहिताको बुँदा नम्बर १२ मा 'आफ्नो मन्त्रालयमा जाँदा वा औपचारिक कार्यक्रममा उपस्थित हुँदा भड्किलो रुपले प्रस्तुत हुने वा मद्यपान गर्नु हुँदैन भन्ने कुरा उल्लेख छ । अनलाइन खबर डटकमका गण्डकी ब्यूरो प्रमुख अमृत सुवेदीको नाम लिएर २०८१ साउन १३ गते उहाँले दिनुभएको अभिव्यक्ति स्वतन्त्र प्रेसमाथिको नाङ्गो हस्तक्षेप भएको उहाँले जनाउनु भयो । यातायात व्यवसायीहरुको आन्दोलनको क्रममा रिपोटिङमा खटिएका २ जना पत्रकार माथि कुटपिटको बिषयमा सोझा पत्रकार भन्दा आफ्नो गन्जी लगायको समाचार लेख्ने अमृत सुवेदीलाई कुटनु पर्ने हो भन्ने आशयको अभिव्यक्ति दिनु भएको थियो । यस बिषयमा मन्त्री गुरुङले पत्रकारसंग नर्मल कुरा गर्दा जोक गरेको प्रतिकृया दिनु भयो ।

## आय आर्जन बढाउन सामुदायिक वनभित्र उद्यान निर्माण

**पोखरापत्र संवाददाता**
कास्की, १४ साउन

सामुदायिक वनको संरक्षण गरेसँगै अन्य गतिविधि सञ्चालनतर्फ उपभोक्ता समूहले चासो देखाउन थालेका छन् । वन पैदावारको विकल्पका रूपमा समूहले आम्दानीका अन्य स्रोतको पहिचान गरी उपयोग गर्न सुरु गरेका हुन् ।

पोखरा महानगरपालिका-२१ स्थित वनपाले सामुदायिक वन समूहले पर्यापर्यटक प्रवर्द्धन गर्ने उद्देश्यका साथ रु २६ लाख लागतमा सुविधासम्पन्न मनकामना उद्यान (पार्क) निर्माण गरेको छ । गण्डकी प्रदेश वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयअन्तर्गत डिभिजन वन कार्यालय कास्कीमार्फत रु १५ लाख र एक लाख ६५ हजार सात सय ७४ बराबरको जनश्रम परिचालन गरी उद्यान निर्माण गरिएको वन उपभोक्ता समूहका अध्यक्ष कमल भुजेलले जानकारी दिनुभयो । उहाँका अनुसार यसअघि डिभिजन वन कार्यालय कास्कीको रु पाँच लाख लागतमा जग्गा सम्याउने र पोखरा-२१ द्वारा रु चार लाखको खर्चमा आवश्यक ट्रष्ट भवन र शौचालय निर्माण गरिएको हो । "पार्कबाट आरोहणको पहिलो हिमाल अन्नपूर्ण, कुमारी हिमाल माछापुच्छ्रेसहित हिमशृङ्खला एवं पोखरा बजारको एकैसाथ मनोरम दृश्य देख्न सकिन्छ", उहाँले भन्नुभयो, "पार्कमा दुईवटा चौतारासहित हरियाली प्रवर्द्धन गर्दै राष्ट्रिय झण्डा राख्ने तयारी गरिएको छ ।" सात सयजना क्षमताको सो पार्कमा सुरक्षाका लागि फलामे पोलसहितको तारजाली लगाउनुका साथै हरियाली प्रवर्द्धन गर्न धुपीका बिरुवा रोपिएको छ भने फलामका कुर्चीसमेत राखिएको अध्यक्ष भुजेलले बताउनुभयो । थप भौतिक संरचना निर्माणका लागि आर्थिक वर्ष २०८१।८२कालागिप्रदेशसरकारबाट रु १५ लाख विनियोजन भएको छ । पोखरा महानगरपालिका-१७ स्थित पर्यटकीयस्थल छोरेपाटन हुँदै जाने सो पार्कसम्म पुग्नका लागि पक्की सडक निर्माण भएको छ भने खानेपानी, शौचालयलगायत आवश्यक संरचना निर्माण गरिएको छ । विशेषगरी पोखरा बजारबाट वनभोज खानका लागि सबैभन्दा नजिक र सुविधासम्पन्न एवं मनोरम दृश्यावलोकन गर्न सकिने उक्त पार्कमा प्रति समूहलाई रु तीन हजार पाँच सय शुल्क तोकिएको छ । प्राप्त रकमबाट रु पाँच सय सरसफाइका लागि छुट्याउने र रु तीन हजार वन समूहको खातामा जम्मा गरिँदै आएको भुजेलले जानकारी दिनुभयो । यसअघि वन समूहले रु १० लाख लागतमा वनपाले पार्क निर्माण गरी सञ्चालन गर्दै आएको वन समूहका सचिव प्रकाश सुवेदीले जानकारी दिनुभयो । विसं २०६८ मा हस्तान्तरण गरिएको ४७ दशमलव चार हेक्टर क्षेत्रफलमा फैलिएको सो वनमा एक सय १४ घरपरिवार आबद्ध छन् । समूहले वनको संरक्षण, संवर्द्धन, उपयोग गर्दै आयआर्जनका लागि वैकल्पिक आधार तयारमा जोड दिँदै आएको सुवेदी बताउनुहुन्छ । नवनिर्मित मनकामना पार्कलाई वातावरणमैत्री बनाउने उद्देश्यका साथ चेरी, अशोका र गुलमोहरका बिरुवा रोपिएको हो ।

पोखरा महानगरपालिका वडा नं २१ का वडाअध्यक्ष दीपक सुवेदीले रोपिएका बिरुवाको संरक्षणमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । वृक्षारोपण कार्यक्रममा लायन्स क्लब अफ पोखरा अन्नपूर्ण अध्यक्ष गणेश छवीसहित सदस्यहरू, सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष कमल भुजेल, स्थानीय लक्ष्मीप्रसाद पोखरेललगायतकाको सहभागिता रहेको कार्यक्रम संयोजक प्रकाश सुवेदीले जानकारी दिनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकीमा सडक सञ्जाल विस्तारमा उच्च प्राथमिकता

**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

गण्डकी प्रदेश सरकारले पछिल्लो एक वर्षमा दुई सय ३३ किलोमिटर पक्की सडक निर्माण गरेको छ। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमार्फत आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न भएका क्रमागत बहुवर्षीय र सालबसाली आयोजनामार्फत सडक कालोपत्र र ढलान भएको जनाएको छ।

मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर रामकुमार श्रेष्ठले गण्डकी प्रदेशका ११ जिल्लामा गत आवमा सञ्चालन भएका आयोजनामार्फत दुई सय ३३ किलोमिटर सडक कालोपत्र र ९७ किलोमिटर सडक ग्राभेल भएको जानकारी दिनुभयो।

उहाँका अनुसार ५५ किलोमिटर कच्ची सडक निर्माण, एक सय ४६ दशमलव ६३ किलोमिटर सडक फराकिलो बनाउने, दुई सय २७ दशमलव १३ किलोमिटर नाली, एक सय ७८ वटा कजवे र कल्भर्ट निर्माण भएका छन्। सडकको सुरक्षाका लागि प्रदेशभर दुई लाख १९ हजार एक सय ४९ दशमलव ५४ घनमिटर टेवा पर्खाल, ४७ किलोमिटर सडकको नियमित मर्मत भएको छ। गत आवमा गण्डकी प्रदेश सरकारले २१ मोटरेबल पुल, १९ झोलुङ्गे पुल र २५ भवन निर्माण गरेको सिनियर डिभिजनल इन्जिनियर श्रेष्ठले बताउनुभयो। रु १२ अर्ब १८ करोड २३ लाख पाँच हजार पुँजीगत बजेट रहेको मन्त्रालयले ७१ दशमलव ७४ प्रतिशत अथवा रु आठ अर्ब ७३ करोड ९५ लाख २९ हजार खर्च गरेको छ। आव २०७९/८० मा ५७ प्रतिशत बजेट खर्च गरेको मन्त्रालयले सो अवधिमा एक सय ७४ किलोमिटर सडक कालोपत्र, १५ सडक पुल, १२ झोलुङ्गे र चारवटा भवन निर्माण गरेको थियो। गत आवमा रु ३० लाखभन्दा कम बजेटका टुक्रे योजना कटौती गरेर ठूला र रणनीतिक महत्वका आयोजनालाई प्राथमिकता दिएर बजेट विनियोजन गरेको, कार्ययोजनाअनुसार अघि बढेकाले बजेट तथा योजना कार्यान्वयनमा सुधार भएका मन्त्रालयका सचिव शङ्करप्रसाद पण्डितले बताउनुभयो। प्रदेश सरकार स्थापना भएको सात वर्षको अवधिमा नौ सय एक किलोमिटर कालोपत्र, छ सय ९६ किलोमिटर ग्राभेल, एक सय छवटा मोटरेबल पुल र ८४ वटा झोलुङ्गे पुल निर्माण भएको मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास निर्देशनालयले जनाएको छ। निर्देशनालयका निमित्त निर्देशक डा महेन्द्र बानियाँले ग्रामीण क्षेत्रमा आवतजावत सहज बनाउन, यात्रा अवधि छोट्याउन, कृषि उपजको निकासी, खाद्यान्न, दैनिक उपभोग्य वस्तु र निर्माण सामग्रीको भाडादर घटाउन, दुर्घटना कम गर्न, प्रत्यक्ष रोजगारी सिर्जना, बसाइँसराइ घटाउँदै सहरबाट गाउँ फर्काउन, आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनका लागि सडक आयोजना प्रभावकारी बनेका बताउनुभयो। उहाँका अनुसार गत आवमा एक सय २७ प्रादेशिक सडक, पाँचवटा सङ्घीय समपूरक सडक, ३० पक्की पुल र चार झोलुङ्गे पुल आयोजना बहुवर्षीय ठेक्कामार्फत कार्यान्वयनमा लगिएको छ।

बहुवर्षीयका लागि छनोट भएका सडक, मोटरेबल र झोलुङ्गे पुल योजनाका लागि रु १२ अर्ब ७३ करोड ९८ लाख बजेटको स्रोत सुनिश्चित भएको छ। अधिकांश तीन वर्ष र केही योजना दुई वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। राष्ट्रिय राजमार्गका वैकल्पिक सडकको मार्ग खोल्ने र स्तरोन्नति गर्ने योजनालाई प्राथमिकता दिएको भौतिक मन्त्रालयमार्फत 'एक निर्वाचन क्षेत्र, एक सडक', स्थानीय तहको केन्द्र जोड्ने, अन्तरजिल्ला, अन्तरपालिका जोड्ने रणनीतिक महत्वका सडक गौरवका आयोजनाका रूपमा कार्यान्वयनमा छन्।

# बेपत्ता चार जनाको शव फेला

**पोखरापत्र संवाददाता**
गोरखा, १४ साउन

उत्तरी गोरखाको धार्चे गाउँपालिका-५, सिङ्लास्थित रेसेमा पहिरोमा परेर आइतवारदेखि बेपत्ता भएका चार जनाको शव सोमबार फेला परेको छ।

पहिरोमा परेर बेपत्ता भएका ७० वर्षीय सुलाल कान्छा गुरुङको शव घर नजिकै २० मिटर तल पुरिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो। यस्तै बेपत्ता ३७ ७० वर्षीय जीतबहादुर गुरुङको शव पनि भेटिएको छ। उनको शव घरदेखि करिब २५ मिटर तल पहिरोले पुरिएको अवस्थामा फेला परेको हो। पहिरोमा परेर बेपत्ता भएका ३३ ७० वर्षीय रेशम गुरुङको शव भने आज दिउँसो करिब ३ बजे फेला परेको हो। उनको शव घरदेखि ३० मिटर तल फेला परेको उहाँले बताउनुभयो। पहिरोमा परेर बेपत्ता भएकी ३५ ७० वर्षीया कान्छी गुरुङको शव भने गण्डकी गाउँपालिका-८ बर्खेघाटमा फेला परेको प्रहरी नायव उपरीक्षक श्रेष्ठले जानकारी दिनुभयो। आइतबार दिउँसो वेवारिसे अवस्थामा बुढीगण्डकी नदी किनारमा भेटिएको उक्त शव पहिरोमा परेर बेपत्ता भएकी कान्छीको भएको परिवारले पुष्टी गरेको हो। पहिरोमा बेपत्ता भएका आरुघाट गाउँपालिका २७ वर्षीय रमेश परियारको अवस्था अझै अज्ञात छ। उनको खोजी भइरहेको प्रहरीले जनाएको छ।

# राष्ट्रिय संगीतकर्मी संघ कास्कीमा सुनिल गायक

**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

राष्ट्रिय संगीतकर्मी संघ कास्कीको छैटौं साधारण सभा तथा तेश्रो अधिवेशनले सुनिल गायकको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

संघको प्रथम उपाध्यक्षमा कपिल श्रेष्ठ, द्वितिय उपाध्यक्षमा राजन सुवेदी, महिला उपाध्यक्षमा गंगा परियार, सचिवमा प्रकाश रसाईली, कोषाध्यक्षमा सोनिया कार्की खत्री, सह-सचिवमा नविन लामिछाने, सहकोषाध्यक्षमा सचिन भट्टराई, सदस्यहरुमा सुजित परियार, किसु गुरुङ,रविन नेपाली,सूर्य बहादुर परियार, सुजन परियार, राज बराल, सिता सुवेदी,अनु विक, सागर रुम्बा सर्वसम्मत चयन भएका छन्।

निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई शनिबार नै सपथ खुवाउनु का साथै प्रमाणपत्र वितरण गरिएको थियो।

अधिवेशनको उद्घाटन राष्ट्रिय संगीतकर्मी संघ नेपालका अध्यक्ष प्रकाश कटुवालले गरेका थिए। उनले संघ संस्थामा आवद्ध हुनु मात्र ठुलो कुरा होइन, संस्थाको हितमा काम गर्न सक्नु पर्ने वताए। त्यसै गरी राष्ट्रिय संगीतकर्मी संघ गण्डकी प्रदेश अध्यक्ष रामचन्द्र ढकालले गण्डकी प्रदेशका अन्य जिल्लाको तुलनामा काक्की जिल्ला अग्र स्थानमा रहेको वताउँदै कास्की र स्याङ्जा जिल्ला लोक गीतको उर्वर भूमि रहेको समेत वताए। संघका केन्द्रिय सदस्य ऋषिराम दहालले कास्की शाखाको सचिव र अध्यक्ष पदमा रहदाँ दुई दुइवटा जागिर छाडेर संस्थाको लागि कार्य गरेको अनुभव सुनाएका थिए। संस्थाका सल्लाहकार तथा स्वतन्त्र पत्रकार संघ कास्कीका



अध्यक्ष कृष्ण रानाभाटले संघसंस्था संचालनका क्रमका वाधा व्यवधानहरु आउने भएकाले सदस्यहरुले नेतृत्वलाई सधैं सल्लाह सुझाव दिदैं सहयोग पनि गर्नुपर्ने वताएका थिए। कार्यक्रममा विभिन्न जिल्लाबाट आएका प्रतिनिधिहरुले शुभकामना व्यक्त गरेका थिए। संघका कार्यबहाक अध्यक्ष कपिल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कोषाध्यक्ष हरिराज कोइरालाले र संचालन सचिव सुनिल गायकले गरेका थिए।

# गण्डकी प्रदेश: पशुमा पूर्णखोप अभियान

**पोखरापत्र संवाददाता**
कास्की, १४ साउन

गण्डकी प्रदेशमा पशुमा पूर्णखोप कार्यक्रमअन्तर्गत गत आर्थिक वर्ष २०८०/८१ मा २० लाख ४८ हजार तीन सय ६८ डोज खोप लगाइएको छ।

गण्डकी प्रदेश सरकारले रोगको कारणबाट पशुजन्य उत्पादनको गिरावटलाई घटाउने उद्देश्यले प्रदेशका ११ वटै जिल्लाका ८५ वटा स्थानीय तहमा पशुमा पूर्णखोप कार्यक्रम सञ्चालन गरेको थियो। खोप कार्यक्रममा गाईभैंसीलाई लाग्ने खोरेत, भ्यागुते, चरचरे, बङ्गुरमा देखिने क्लासिकल स्वाइन फिभर, बाख्रामा देखिने पिपिआर र कुकुरलाई लाग्ने रेबिज रोगविरुद्ध खोप अभियान सञ्चालन गरिएको थियो। गण्डकी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालय मातहतको पशुपक्षी निर्देशनालय पोखराले गाईभैंसीमा खोरेतविरुद्ध छ लाख १८ हजार आठ सय ३३, भ्यागुते/चरचरेविरुद्ध एचएसविक्यु खोप गाईभैंसीलाई ७९ हजार दुई सय ४४, लम्पीस्किन गाईभैंसीलाई एलएसडी खोप एक लाख एक हजार आठ सय ७२ मात्रा लगाइएको थियो। यसैगरी भेडा तथा बाख्रामा पिपिआर खोप ११ लाख ३९ हजार पाँच सय १९, कुकुरलाई रेबिजविरुद्धको खोप ६६ हजार एक सय ५२ र बङ्गुरलाई सिएफएस खोप ४२ हजार चार सय ४८ डोज लगाइएको थियो। खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि ८५ पालिकाका सात सय ५९ वटै पालिकाका खोप कार्यक्रम सञ्चालन भएको पशुपक्षी तथा मत्स्य विकास निर्देशनालयका महानिर्देशक डा प्रेरणा सेढाईं भट्टराईले बताउनुभयो।

गत वर्ष निर्देशनालयले पूर्णखोप कार्यक्रमका लागि रु ११ करोड ८४ लाख बजेट विनियोजन गरेकामा रु नौ करोड ५४ लाख ४३ हजार खर्च भएको बताइन्छ। गण्डकी प्रदेश सरकारले पशुमा सङ्क्रामक रोग उन्मूलन गरी गुणस्तरीय पशुजन्य उत्पादन सुनिश्चित गर्ने उद्देश्यले विसं २०७८ देखि पशुमा खोप कार्यक्रम सुरु गरेको हो। जिल्लास्थित भेटेरिनरी अस्पतालले स्थानीय तहका पशु शाखासँगको सहकार्यमा पशुमा पूर्णखोप कार्यक्रम सञ्चालन गरेका हुन्।

# अनुशासित र असल विद्यार्थीलाई नै सफलता मिल्छ : विजुक्छे

**पोखरापत्र संवाददाता**
कास्की, १४ साउन

जनप्रिय बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले अनुशासित र असल विद्यार्थीलाई नै सफलता मिल्ने भएकाले लगनशील भई अध्ययन गर्न सुझाए।

राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गतको माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण भई कक्षा ११ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीलाई स्वागत गर्दै अभिमुखीकरण कार्यक्रममा विजुक्छेले नेपालकै सर्वोकृष्ट सामुदायिक क्याम्पस रोजेका विद्यार्थीलाई जीवनमा के बन्ने भन्ने कुरा आजैबाट सुरुवात गर्न आग्रह गरे। उनले उच्चशिक्षा अध्ययनका लागि अन्यत्र जानै नपर्ने गरी क्याम्पसले हरेक चिजको



व्यवस्थापन गरेको दावी गरे। निमित्त क्याम्पस प्रमुख रमेशबहादुर खड्काले अभिभावकको सपना साकार पार्न एवम् आफ्नो करिअर बनाउन विद्यार्थीले दुई वर्ष चर्को र खरो परिश्रम गरे गुणस्तरीय जीवन यापन गर्न सहयोग पुग्ने बताए। पूर्व क्याम्पस प्रमुख भरतराज गौतमले मेचीदेखि महाकाली जहाँ गए पनि जनप्रियमा पढेका विद्यार्थी उच्च ओहोदामा पुगेकाले सुनौलो भविष्यका लागि लगनशील भएर अध्ययन गर्न विद्यार्थीलाई प्रेरित गरे। अभिमुखीकरण कार्यक्रममा उपप्राध्यापक वेदहरि तिमिल्सिनाले प्रस्तुतीकरण राख्दै क्याम्पसको कक्षाकोठा, पुस्तकालय, प्रगोगशाला, चमेनागृह, खेलमैदान, खानेपानी, शैक्षिक क्यालेन्डर, छात्रवृत्तिको व्यवस्था, अतिरिक्त क्रियाकलाप, भौतिक पूर्वाधार लगायत क्याम्पसको नीति नियम तथा विद्यार्थीको कर्तव्य, जिम्मेवारी र पालना गर्नुपर्ने आचारसंहिताका बारेमा नवआगन्तुक विद्यार्थीलाई जानकारी गराएका थिए। शिक्षाशास्त्र विभागका प्रमुख गोविन्द गैरेले देशको कुनै पनि जागिरमा प्रवेश गर्नका लागि योग्यता बनाउने ठाउँमा आएका व्यवस्थापन, शिक्षाशास्त्र र मानविकी सङ्कायका विद्यार्थीलाई शुभकामना दिएका थिए। कक्षा १२ व्यवस्थापनकी पुजना लामिछाने र सागर घिमिरेले जेएमसीका आफ्ना अनुभव सुनाएका थिए। विज्ञान सङ्कायका विद्यार्थीको यसअघि नै स्वागत र अभिमुखीकरण कार्यक्रम सम्पन्न भइसकेको थियो। प्लस टु कार्यक्रम संयोजक गणेश चालिसेको सभापत्विमा सम्पन्न कार्यक्रममा अर्थशास्त्र विभागकी प्रमुख शिलु चालिसले स्वागत मन्तव्य राखेकी थिइन भने सामाजिक विभागका प्रमुख वेदहरि तिमिल्सिनाले कार्यक्रम सञ्चालन गरेका थिए।

## लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

◆ लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी , कालाजार, जापानीज इन्सेपलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।
◆ लामखुट्टेको टोकाईबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
◆ घर वरिपरी पानी जम्न नदिऔं।
◆ घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं।
◆ गोठ तथा खोर घरभन्दा टाढा राखौं।


लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

↳ **पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

↳ **महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

↳ **सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

↳ **मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# संसदीय सुनुवाइबाट प्रधान अस्वीकृत

निर्वाचन आयुक्तमा प्रस्तावित कृष्णमान प्रधानलाई संसदीय सुनुवाइ समितिले अस्वीकृत गर्ने निर्णय गरेको छ। संसदीय समितिको बैठकमा प्रधानमा निर्वाचन आयुक्त हुने उच्च नैतिक चरित्र नदेखिएको भन्दै उजुरी परेको थियो । सत्तारूढ नेकपा एमाले र नेपाली काङ्ग्रेसले प्रधानलाई अनुमोदन गर्न नसकिने निर्णय गरेका थिए । राप्रपाको समेत साथ हुने देखेपछि दुई तिहाईले अस्वीकृत गर्ने अवस्था बनेको थियो । प्रधानलाई सुनुवाइ समितिको बैठक बस्नु अघि नै नाम फिर्ता लिन लगाएर सर्प पनि मर्ने लठ्ठी पनि नभाँचिने जुक्ति निकालिएको थियो । सुनुवाइ समितिमा रहेका सांसदहरूलाई नेतृत्वले स्वविबेक प्रयोग गर्न छुट दिएको थियो ।

प्रधानको नैतिक चरित्र नदेखिएको हुँदा सुनुवाइ समितिबाट अस्वीकृत गर्ने निष्कर्षमा पुगेका थिए ।समितिको सोमबारको बैठकले प्रधानलाई अस्वीकृत गर्ने निर्णय लिएको हो । समितिको कार्यविधिमा कुनै पनि व्यक्तिलाई स्वीकृत वा अस्वीकृत गर्ने मात्रै व्यवस्था गरेको भन्दै उक्त निर्णय लिएको छ । समितिको कार्यविधिमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने भन्ने व्यवस्था मात्रै रहेकाले प्रधानको नाम सर्वसम्मतिले अस्वीकृत गरिएको छ। प्रधानले आफ्नो नाम फिर्ता लिनका लागि भन्दै सोमबार मात्रै निवेदन दिएका थिए । निवेदन पनि समितिको निर्णयमा उल्लेख गरिएको छ। प्रधानमाथि एक महिलाले यौन शोषण गरेको र अदालतमा मुद्दा दायर गरेपछि पैसा दिएर मिलापत्र गराएको भन्दै उजुरी गरेकी थिइन् । पीडित महिला आफै संसदीय सुनुवाइ समितिमा उपस्थित भएर बयान दिएकी थिइन् । नैतिक चरित्रको बारेमा प्रश्न उठ्न सक्ने ठाउँ प्रधानले दिएका थिए ।देशको सर्वोच्च पदमा रहेकाहरुले गरेको निर्णय अस्वीकृत हुनु हाम्रो राज्य संयन्त्र कस्तो छ भन्ने छर्लङ्ग पारेको छ।

संवैधानिक आयोगमा नियुक्ति हुने कुनै पनि व्यक्तिसँग उच्च नैतिक चरित्र कायम भएको हुनुपर्छ भनेर संविधानमा स्पष्टसँग लेखिएको छ । संवैधानिक अंगमा प्रवेश गर्नेहरुले त्यसको पवित्रता कायम गरून् भनेरै संविधानमा यो व्यवस्था गरिएको हो । प्रधानलाई सिफारिस गर्नुअघि उनको पृष्ठभूमि जाँच गर्ने जिम्मेवारी संवैधानिक परिषदको थियो । संविधानले अपरिहार्य मानेको उच्च नैतिकता प्रधानमा छ कि छैन भन्ने यकिन गर्नु उसको संवैधानिक जिम्मेवारी थियो। परिषद यसमा चुकेको छ। भविष्यका लागि 'शिक्षा' का रूपमा परिषदले यसलाई ग्रहण गर्दै कसैलाई सिफारिस गर्नुअघि उसको आचरणको निर्मम परीक्षण हुने प्रणाली बनाउनुपर्छ । परिषद जानी–नजानी चुकेको भए पनि जनताबाट चुनिएर आएका संसदीय सुनुवाइ समितिका सदस्य सांसदहरूले सबै तथ्य–प्रमाण लिएर बस्नुपर्छ । कृष्णमानले गरेको यौन शोषणबारे अदालती प्रमाण नै हात परेपछि उनको नियुक्ति सिफारिस अस्वीकृत गर्ने निर्णयमा पुगेर सांसदहरूले उनको नाम सिफारिसमा गरिएका सबै आशंकालाई गलत सावित गरिदिएका छन।कसैको चोचोमोचोबाट नाम सिफारिस भएपनि सार्वभौम जनताका प्रतिनिधिले सजिलै अनुमोदन गर्दैनन् भन्ने सन्देश प्रवाह भएको छ। केही समय लिए पनि प्रधानको नाम अस्वीकृत गरेकोमा संसदीय सुनुवाइ समितिलाई साधुवाद !


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : मानसिक तनाब |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखरा–३३ शिववस्तीमा महायज्ञ सुरु



**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

पोखरा महानगरपालिका वडा नं ३३ शिववस्तीस्थित शुक्लेश्वर धाम प्राङ्गणमा आजदेखि श्रीमद्भागवत महापुराण, सप्ताह ज्ञान महायज्ञ, शिव महापुराण, बृहत धार्मिक श्रावण मेला एवम् बोलबम महोत्सव सुरु भएको छ।

मन्दिरको सर्वाङ्गिण, भौतिक पूर्वाधार विकास निर्माण सहयोगार्थ हुन लागेको महायज्ञ यही साउन २४ गतेसम्म सञ्चालन हुनेछ । कथा शिरोमणि पण्डित दीपकप्रसाद पौडेलको प्रमुख बाचकत्वमा हुने महायज्ञमा विभिन्न देवलिला, जनचेतनामूलक नाटक सहित संगीतमय कथा प्रवचन हुने जनाइएको छ । महायज्ञको भव्य समारोहका बीच उद्घाटन गर्नुहुँदै गण्डकी प्रदेशका कार्यबाहक मुख्यमन्त्री विन्दुकुमार थापाले शुक्लेश्वर धामको विकासका लागि प्रदेश सरकारका तर्फबाट सक्दो सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। गण्डकी प्रदेश सभा सदस्य भीम कार्कीले समाजिक भावनाका साथ सुरु गरिएको महायज्ञमा सबैको साथ र सहयोग आवश्यक हुने बताउनुभयो।पोखरा महानगरपालिका वडा नं ३३ का वडा अध्यक्ष रामचन्द्र अधिकारीले महायज्ञलाई सबैले आ आफ्ना तर्फबाट सहयोग गर्न आग्रह गर्नुभयो । महायज्ञका क्रममा श्रीमद्भागवत सतचण्डी, बेदपाठ, रुद्राभिषेक, सहस्र जलधारा, बेलपत्र अर्पण, ग्रहशान्ति पूजा, चौरासी पूजा, अन्नदान, भूमिदान, ब्राह्मण भोजन सहित पितृको फोटो राखी पितृ तर्पण तुलादान, विवाह, ब्रतबन्ध, गुन्युचोली सहित आरती अर्पण गर्दै धार्मिक सम्बन्धी सम्पूर्ण कार्य सञ्चालन गरिने जनाइएको छ। शुक्लेश्वरधाम क्षेत्र विकास संस्था, शिववस्तीका अध्यक्ष एवम् महायज्ञ मूल आयोजक समितिका संयोजक पदमराज पौडेलको सभापतित्व एवम् मूल आयोजक समितिका सदस्य हरिराम पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रमको स्वागत समितिका उपाध्यक्ष अञ्जु भण्डारीले गर्नुभएको थियो भने शिववस्ती टोल विकास संस्थाका अध्यक्ष रामचन्द्र आचार्य, अनुशासित आमा समूहका अध्यक्ष सावित्री अधिकारी, पोखरा २९ का वडा सदस्य सुकमाया विक, नेपाली काँग्रेस पोखरा ३३ का सभापति तीलकप्रसाद अधिकारी लगायतले महायज्ञको सफलताको शुभकामना दिनुभएको थियो।

# दमौली अस्पतालद्वारा एक वर्षमा ९८ हजारलाई सेवा

**पोखरापत्र संवाददाता**
तनहुँ, १४ साउन

तनहुँ सदरमुकामस्थित दमौली अस्पतालले एक वर्षको अवधिमा करिब एक लाख बिरामीलाई स्वास्थ्य सेवा प्रदान गरेको छ । अस्पतालले आर्थिक वर्ष २०८०/८१ को अवधिमा ९८ हजार तीन सय ५६ जनालाई स्वास्थ्य सेवा प्रदान गरेको हो।

अस्पतालमा प्रत्येक वर्ष बिरामीको सङ्ख्या बढ्दो अवस्थामा रहेको अस्पतालका प्रमुख डा परिवर्तन बरालले जानकारी दिनुभयो । अस्पतालमा तनहुँका अतिरिक्त छिमेकी लमजुङका बासिन्दाले स्वास्थ्य सेवा लिएको डा बरालको भनाइ छ।

उहाँका अनुसार अघिल्लो आर्थिक वर्ष २०७९/८० मा अस्पतालले ७३ हजार दुई सय ५३ लाई सेवा दिएको थियो । त्यस्तै आर्थिक वर्ष २०७८/७९ मा ६४ हजार पाँच सय ९४ लाई सेवा दिएको थियो । अस्पतालले सोही अवधिमा ३० हजार छ सय ५३ जनालाई प्रयोगशाला सेवा दिएको छ। त्यस्तै दुई हजार नौ सय ५९ जनालाई सर्जिकल सेवा प्रदान गरिएको बरालले जानकारी दिनुभयो । दुई सय ९८ जनालाई सामान्य प्रसुती सेवा र १९ जनालाई शल्यक्रिया प्रसूति सेवा दिइएको बरालको भनाइ छ । डा बरालले भन्नुभयो, "बढ्दो शहरीकरणसँगै अस्पतालमा सेवाग्राहीको चाप बढ्दो छ, हाल भइरहेकै जनशक्ति र क्षमताले सेवा प्रवाहमा कठिनाइ उत्पन्न भएको छ ।" अस्पतालमा एक सय १५ जनाको जनशक्ति छ । अस्पतालमा ३१ डाक्टर, ३६ स्टाफ नर्स, छ प्रयोगशालाका कर्मचारी, सात प्रशासनका कर्मचारी, १३ अन्य प्रविधिक र २२ सहायक कार्यरत छन्। पन्ध्र शयूया स्वीकृतिको अस्पतालले हाल ५० शयूयामा सेवा दिइरहेको छ । अस्पताललाई अब ५० देखि एक सयसम्म शयूयामा विस्तार गर्नुपर्ने आवश्यकता भइसकेको डा बरालको भनाइ छ । त्यस्तै अस्पतालमा सर्पदंश केन्द्र, रक्तसञ्चार केन्द्रको क्षमता वृद्धि, फोहरमैला व्यवस्थापन, डायलासिस सेवाको क्षमता वृद्धिका साथै अस्पताललाई ट्रमा सेण्टरका रुपमा विकास गर्नुपर्ने आवश्यकता खड्किएको बरालले बताउनुभयो।

अस्पतालको स्तरोन्नतिका लागि जग्गा प्राप्ति बाधक बनिरहेको दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले बताउनुभयो। जग्गा प्राप्ति गर्न सकिए अस्पताल स्तरोन्नति हुने भए पनि जग्गाको अभावमा अस्पतालको स्तरोन्नति रोकिएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "अस्पताल स्तरोन्नतिका लागि गण्डकी प्रदेश सरकारलाई पटक–पटक ध्यानाकर्षण गराइसकेका छौं, तर पहलले सार्थक रुप पाउन सकेको छैन।"

गण्डकी प्रदेशका स्वास्थ्य सचिव डा विनोदविन्दु शर्माले जग्गाको समस्याका कारण दमौली अस्पताल स्तरोन्नतिमा ढिलाइ भएको बताउनुभयो । अन्य केही जिल्लामा जग्गा प्राप्ति भएसँगै भवन निर्माणको काम अगाडि बढे पनि दमौली अस्पतालको मुख्य समस्या भनेकै जग्गा प्राप्ति नहुनु भएको उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "प्रदेश सरकार दमौली अस्पतालको स्तरोन्नतिका लागि गम्भीर छ, सङ्घ सरकारसँग समन्वय गरेर यसको स्तरोन्नतिका कदम अगाडि बढाउनुपर्नेछ ।" अस्पतालमा फोहर पानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि अटोक्लेप्स सहितको भवन निर्माण, आँखा विशेषज्ञ सहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, यनेस्थेसिया सेवा, भेन्टिलेटरसहित आइसियु कक्ष, अत्यधुनिक ल्याब सेवा, डिजिटल एक्सरे, निःशुल्क औषधि कक्ष लगायतका सेवा विस्तार भइसकेका छन्।

# दमौली अस्पतालमा पाठेघर फाल्ने शल्यक्रिया सुरु

**पोखरापत्र संवाददाता**
दमौली, १४ साउन

तनहुँ सदरमुकामस्थित दमौली अस्पतालमा पाठेघर फाल्ने शल्यक्रिया सेवा सुरु भएको छ । अस्पतालले आइतबारदेखि पहिलोपटक उक्त सेवा सुरु गरेको हो।

व्यास नगरपालिका निवासी एक महिलाको पाठेघरको शल्यक्रिया गरिएको दमौली अस्पतालका प्रमुख डा परिवर्तन बरालले जानकारी दिनुभयो । अस्पतालका प्रसूति विशेषज्ञ डा कुमार विष्टको समूहले ती महिलाको पाठेघर फाल्ने शल्यक्रिया गर्नुभएको हो।

अस्पतालमा यो सेवा सुरु भएसँगै दमौली तथा आसपासका भेगका महिलालाई सहज हुने बरालको भनाइ छ । उहाँले भन्नुभयो, "यसअघि यस सेवाका लागि पोखरा, चितवन वा अन्यत्रै जानुपर्थ्यो, अब यहीँ यो सेवा नियमित रूपमा सञ्चालन हुनेछ ।" पन्ध्र शय्यामा स्वीकृत अस्पतालले हाल ५० शय्याबाट सेवा दिइरहेको छ । बढ्दो बिरामीको चापसँगै अस्पतालको क्षमता विस्तार गर्नुपर्ने आवश्यकता रहेको बरालले बताउनुभयो । विसं २०३४ मा स्वास्थ्यचौकी र विसं २०५५ मा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको सो अस्पताल विसं २०५९ मा अस्पतालमा स्तरोन्नति भएको थियो । अस्पतालले दमौली मात्र नभई छिमेकी जिल्लाका बासिन्दालाई सेवा दिइरहेको छ। तीव्र सहरीकरण र बढ्दो जनसङ्ख्यासँगै अस्पतालले उक्त शय्यामा सेवा दिने अवस्था छैन । अस्पतालको स्तरोन्नतिका लागि पटक–पटक प्रयास भए पनि त्यसले मूर्त रुप लिन नसकेको बताइन्छ। अस्पताल विस्तारका लागि सङ्घीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रको स्वामित्वमा रहेको जग्गा अस्पताल विस्तारका लागि प्रदान गर्ने निर्णय भएको थियो । सो निर्णय कार्यान्वयन नहुँदा विस्तार कार्य रोकिएको छ।

अस्पतालमा फोहर पानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि अटोक्लेप्ससहितको भवन निर्माण, आँखा विशेषज्ञसहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, यनेस्थेसिया सेवा, भेन्टिलेटरसहित आइसियु कक्ष, अत्याधुनिक ल्याब सेवा, डिजिटल एक्स–रे, निःशुल्क औषधि कक्ष लगायतका सेवा विस्तार भइसकेको छ । साथै शव राख्नका लागि दुई तह भएका दुई मर्चरी चेम्बरको पनि अस्पतालमा व्यवस्था गरिएको छ। अस्पतालले इमर्जेन्सी सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायलासिस सेवा समेत प्रदान गर्दै आइरहेको छ।

# पहिराको उच्च जोखिममा सिगाना स्वास्थ्यचौकी

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ साउन

बागलुङ नगरपालिका–८ सिगाना स्थित सिगाना स्वास्थ्यचौकी पहिरोको उच्च जोखिममा परेको छ । भिरालो जग्गामा जोखिम मूल्याङ्कन नगरी भवन निर्माण गरिएको थियो।

जमिन भासिँदा र पहिरो जाँदा स्वास्थ्यचौकी भवन जोखिममा परेको स्वास्थ्यचौकी संरक्षण उपभोक्ता अनुगमन समितिका संयोजकयज्ञराजगौतमलेजानकारी दिनुभयो । "स्वास्थ्यचौकी भवन नजिकै पानीको मूल छ, निर्माण गर्दा फालेको माटो र पानी तर्काउन नसक्दा बर्सेनि पहिरो बढेर गयो, लाखौँको स्वास्थ्यचौकी जोगाउन करोडौं खर्च गर्नुपर्ने देखियो, हालसम्म पहिरो रोकथामका लागि रु ५० लाख खर्च भइसकेको छ", उहाँले भन्नुभयो, "पहिरो रोकथामा लागि लगाइएको पक्की पर्खालले पूर्णता नपाउँदा यसपटक स्वास्थ्यचौकीको प्राङ्गण नै कोल्टे परेको छ।"

अघिल्लो आर्थिक वर्षको अन्त्यमा गण्डकी प्रदेशबाट पहिरो रोकथामका रु ५० लाख विनियोजन भएकामा रु २५ लाखको पक्की पर्खाल निर्माण गरिएको थियो। गत आवमा रु २५ लाख गरी अहिलेसम्म रु ५० लाख लागतमा पहिरो रोकथामको काम भए पनि अहिले पुनः पहिरो गएको बागलुङ –८ सिगनाका वडाध्यक्ष राजु कार्कीले जानकारी दिनुभयो।

रु एक करोड ८२ लाखको लागतमा भवन निर्माण गरिएको थियो । झण्डै सय मिटर तलदेखि स्वास्थ्यचौकीसम्मै पहिरो गएर जमिन चिरा पारेको बागलुङ नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले जानकारी दिनुभयो । उहाँका अनुसार पहिरोका कारण जोखिममा रहेको तित्याङ स्वास्थ्यचौकी पहिरो रोकथामको प्रयास सफल भए पनि सिगानाको पहिरो ठूलो भएकाले समस्या भएको बताउनभुयो।

# गुप्तेश्वर गुफामा सन्ध्या आरती

**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

पर्यटकीय राजधानी पोखराको छोरेपाटनस्थित गुप्तेश्वर गुफा परिसरमा आज सन्ध्या आरतीको आयोजना गरियो। गुफा व्यवस्थापन समितिले विगत चार बर्षदेखि प्रत्येक सोमवार आरतीको आयोजना गर्दै आएको हो। तीन जना पण्डितद्धारा सुमधुर घुन सहित एक घण्टा प्रस्तुत गरिने आरतीमा विशेष गरि धुप, ध्यू, ल्वाङदानी, कपुर, मयूरपङ्ख, सेतोचमर, अलैंचिदाना, लाछीधागो, फुलपाती लगायतका बिभिन्न सुगन्धित वस्तुको प्रयोग गरिने गुफा व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण बास्तोलाले जानकारी दिनुभयो।

साउनको दोश्रो सोमवार आयोजित आरतीमा भक्तजनहरुको उल्लेखनिय सहभागिता रहेको बताउँदै उहाँले भन्नुभयो, यसबाट आरतीलाई निरन्तरता प्रदान गर्न हौसला मिलेको छ । आरती सञ्चालनमा मासिक ३० हजार रुपैया खर्च हुने गरेको छ। पछिल्लो समय विभिन्न व्यक्तिहरुले आफ्नो र आफन्तको जन्मदिनको अवसरमा कर्ता बस्ने र आर्थिक सहयोग गर्ने दाताहरु तथा भक्तजनहरुले स्वस्फुर्त गरेको सहयोगले आरती सञ्चालनमा सहयोग पुगेको उहाँको भनाई छ।


# सर्टिफिकेट हराएको सूचना

**म अभिलाषा पौडेलको पोखरा विश्व विद्यालयको माइग्रेसन सर्टिफिकेट र प्रोभिजनल सर्टिफिकेट हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।**

Name : Abhilasha Paudel
Registration No: 2016-2-45-0522
Transcrift No : 64079
Exam Roll: 17450551
Date of Birth : 27-12-1998
**सम्पर्क नं.** : 9846520852

# विद्यालय लेखा कर्मचारी आवश्यकता

अन्नपूर्ण गा.पा. शिक्षा युवा तथा खेलकुद शाखा कास्कीको च.नं. ७७ मिति २०८१/०४/१३ गतेको पत्रअनुसार यस श्री उमा माध्यमिक विद्यालयमा रिक्त रहेको विद्यालय लेखा कर्मचारी पदमा कर्मचारी नियुक्ति गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट प्रकाशित मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त आवेदनको लागि अनुरोध गरिन्छ।

**तपशिल**
विज्ञापन नं.: ०१/२०८१/२०८२ पदः लेखा कर्मचारी
किसिमः करार आवश्यक संख्याः १(एक)
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
दरखास्त दस्तुरः रु ५००।- (सात सय मात्र)
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
शैक्षिक योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट कमर्स विषय लिई+उत्तीर्ण वा सो सरह कम्प्युटर सम्बन्धी ज्ञान भई नेपाली टाइप गर्न जान्ने।
दरखास्त दिने अन्तिम मितिः २०८१/०४/२७ गतेसम्म
सम्पर्क मितिः फोनबाट जानकारी गराइने।
जानकारीको लागि : दरखास्त दिनको लागि यस विद्यालयको NIC ASIA बैंकमा रहेको खाता नं. A641052462252401 खातामा भएको नाम Shree Uma Secondary School मा परीक्षा दस्तुर जम्मा गरी त्यसको भौचर निवेदन र अन्य आवश्यक कागजातहरु विद्यालयको Email:umasecondaryschool26@gmail.com मा पठाउन सकिने छ वा स्वयम विद्यालयमा आएर कार्यालय समयमा बुझाउन सकिने छ।

**श्री उमा माध्यमिक विद्यालय**
अन्नूर्ण गाउँपालिका-८, दाङसिङ, मोहोरिया, कास्की
सम्पर्क नं.: ९८४६४६८२१७, ९८४८१३८६३८
Email: grg.buddhi2027@gmail.com

# स्याङ्जामा ४६० उद्योग खारेज हुँदा ४३५ दर्ता

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १४ साउन

स्याङ्जामा आर्थिक वर्ष २०८०/०८१ मा ४ सय ६० घरेलु उद्योग खारेज हुँदा ४ सय ३५ उद्योग दर्ता भएका छन् । २२६ उद्योग र २३४ वाणिज्य गरी ४६० उद्योग खारेज भएका हुन् भने २५० उद्योग र १८४ वाणिज्य गरी ४ सय ३५ उद्योग दर्ता भएका हुन् ।

नयाँ दर्ता हुनेमा उत्पादनमुलक उद्योगमा २०, कृषि तथा वन पैदावरमा एक सय २४, सेवा मुलक उद्योगमा ६६, पर्यटनमा २७ र निर्माणमा १३ गरी ४३५ उद्योग रहेका छन् । खारेज हुने उद्योगमा बढि मात्रामा कृषिजन्य उत्पादनमुलक उद्योगहरु रहेको पर्यटन तथा उद्योग कार्यालय स्याङ्जाले जनाएको छ ।

"गएको वर्ष नयाँ दर्ता हुने उद्योगको तुलनामा खारेज हुने संख्यामा बृद्धि भएको छ।" पर्यटन तथा घरेलु उद्योग कार्यालयका प्रमुख नारायण प्रसाद ढकालले भने, "देशमा बढ्दै गएको आर्थिक शिथिलतासँगै खारेज हुने उद्योगको संख्यामा बृद्धि भएको छ ।"अनुदान लिन र बिदेश जाने प्रयोजनाका लागि दर्ता भएका उद्योगहरु धमाधम खारेज भएको उनले बताए । उद्योग तर्फ २ सय ५० नयाँ उद्योग दर्ता हुँदा झण्डै १२ सयले रोजगारी पाउने अवस्था सृजना हुन्छ भने वाणिजय तर्फ एक सय ८५ उद्योग दर्ता हुँदा ३ सय ५० जनाले रोजगारी पाउने कार्यालयको अनुमान छ। त्यसैगरी खारेज भएका २२६ उद्योगबाट करिब एक हजारले रोजगारी गुमाउँदा वाणिजय तर्फ खारेज भएका २३४ उद्योगबाट झण्डै ४ सय ५० जनाले रोजगारी गुमाउँन बाध्य भएका छन् । पछिल्लो तथ्याङ्क अनुसार जिल्लामा वाणिज्य तर्फ ७ हजार ५ सय र उद्योग तर्फ ८ हजार ६ सय उद्योगमा झण्डै ४८ हजार महिला तथा पुरषले रोजगार गर्दै आएका छन् । नयाँ उद्योग दर्ताको तुलनामा खारेज हुनेको संख्यामा बृद्धि हुँदै जाँदा त्यसको प्रत्यक्ष असर राजश्व असुलीमा देखिएको छ । आर्थिक वर्ष २०८०/०८१ मा ३५ लाख ५० हजार राजश्व असुली गरेको कार्यालयले अघिल्लो वर्ष ५३ लाख र आर्थिक वर्ष २०७८/०७९ मा ७३ लाख राजश्व असुली गरेको थियो । "खास गरी स्थानीय तहले उपलब्ध गराउने अनुदान पाउँन अनिवार्य दर्ता भएका उद्योगहरुले खारेजीको निबेदन दिने गरेका छन् ।" कार्यालयका योजना शाखा प्रमुख कृष्ण लम्सालले भने, "अनुदान लिन दर्ता भएका उद्योगले अनुदान लिएपछि खारेजीको निबेदन दिए ।" उनले थपे, "खारेज भएका केहि उद्योग मध्ये बिदेश जानका लागि देखावटी दर्ता भएका उद्योग रहेका छन् ।" अघिल्लो वर्ष उद्योग तर्फ ५२६ र वाणिज्य तर्फ २८० गरी ८०६ उद्योग दर्ता भएकोमा २ सय ६५ उद्योग खारेजीमा परेका थिए । राजश्वमा ५० प्रतिशत छुट हुने भएपछि नयाँ दर्ता भएका अधिकांश उद्योग महिलाको नाउँमा दर्ता भएको कार्यालले जनाएको छ ।

# मुस्ताङमा नयाँ प्रजातिको चरा भेटियो

**रासस**
म्याग्दी, १४ साउन

मुस्ताङमा तालुधर्से अर्जुनक नामको नयाँ प्रजातिको चरा भेटिएको छ। चराविद् सञ्जय था श्रेष्ठ र शङ्कर तिवारीले उपल्लो मुस्ताङको समर क्षेत्रमा नयाँ प्रजातिको चरा फेला पार्नुभएको नेपाल पन्छीविद् सङ्घले जनाएको छ ।

नेपाल बर्ड रेकर्ड कमिटि (चरा अभिलेख तथा प्रमाणीकरण गर्ने समिति) का अध्यक्ष डा तुल्सी सुवेदीले श्रेष्ठ र तिवारीले उक्त तिनधर्से अर्जुनक जातको चरा नेपालमा पहिलो पटक भेटिएको विज्ञप्तिमार्फत जानकारी दिनुभयो । स्पोटेड फ्लाइक्याचर अंग्रेजी नाम भएको उक्त चराको वैज्ञानिक नाम मुसिकापा स्ट्रिएटा रहेको कमिटिका अध्यक्ष सुवेदीले जानकारी दिनुभयो । समुन्द्री सतहबाट तीन हजार छ सय ५० मिटर उचाइमा यही साउन २ गते बिहान पदयात्राका क्रममा श्रेष्ठ र तिवारीले खिच्नुभएको सो चराको तस्विर पुष्टिका लागि नेपाल बर्ड रेकर्ड कमिटिमा पठाउनु भएको थियो । उपलब्ध प्रमाण, विवरण अध्ययन र राष्ट्रिय अन्तर्राष्ट्रिय पन्छीविद्सँगको सुझावका आधारमा तालुधर्से अर्जुनक भएको पुष्टि गरी नेपालमा पाइने चराको अभिलेखमा प्रजाति थप गरिएको अध्यक्ष सुवेदीले बताउनुभयो। धर्से अर्जुनकसहित नेपालमा चरा प्रजातिको सङ्ख्या आठ सय ९६ वटा पुगेका छन् । अर्जुनक प्रजातिको सङ्ख्या २४ पुगेको छ। नेपालबाट सबैभन्दा नजिक मङ्गोलिया, उत्तरी चीनको विभिन्न ठाउँ, पश्चिमतर्फ अफगानिस्तान, पाकिस्तानमा यो चरा पाइन्छ । जाडो याममा यिनीहरू नियमित रूपमा दक्षिणतिर बसाइँ सर्छन् । मुस्ताङमा भेटिएको यो चरा बसाइँसराईको क्रममा बाटोमा फिरन्ते रूपमा आइपुगेको हुन सक्ने अनुमान गरिएको चराविद् सञ्जय था श्रेष्ठले बताउनुभयो । "देशका लागि नयाँ चरा पहिचान गर्न सकेकामा खुसी लागेको छ", वाइल्डलाइफ फोटोग्राफरसमेत रहनुभएका श्रेष्ठले भन्नुभयो, "यसले चरा पर्यटनमा लाग्न उत्साह थपिएको छ । चराका फोटो खिच्न उत्प्रेरित गरेको छ ।" नेपाल बर्ड रेकर्ड कमिटीले नेपालमा नयाँ चराको अभिलेख राख्ने गर्दछ । श्रेष्ठले सन् २०२० मा मनोहरामा सेतोजुँगे बगेडी चरा मुलुकका लागि पहिलो पटक अभिलेख गर्नुभएको थियो ।

# फलामको पुल राखेपछि यातायात सञ्चालन

**रासस**
मनाङ, १४ साउन

बाढीका कारण पूर्ण रूपमा अवरुद्ध मनाङ प्रवेशको एक मात्र सडक सञ्चालनमा आएको छ । चामे गाउँपालिका-१ तिमाङस्थित स्यार्क्यु झरनामा फलामको पुल राखेपछि यातायात सञ्चालनमा आएको हो ।

वर्षा भइरहेकाले केही कठिनाइ भएको भन्दै लामो समयको प्रयासपछि पुल राख्ने काम पूरा भएसँगै यातायात नियमित सञ्चालनमा आएका प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले बताउनुभयो । निरन्तरको वर्षासँगै गत असार १८ गते झरनाको बाढीसँगै आएको ढुङ्गासहितको गेग्र्यानले मोटरेवल पुलमा क्षति पुऱ्याएपछि आवतजावत रोकिएको थियो । उक्त स्थानमा फलामको पुल राखेपछि आजदेखि यातायातका साधन सञ्चालनमा आएको उहाँले जानकारी दिनुभयो ।

प्रजिअ लामिछानेले भन्नुभयो, "पानी पर्ने क्रम केही कम भए पनि मनसुन कायम रहेकाले काम केही ढिलाइ भएको हो । आजदेखि सञ्चालनमा आएको पुलबाट पैदलयात्रीका साथै सवारीसाधन आवतजावत गर्न सक्छन् ।" गत असार १८ गते तिमाङ खोलाको बाढीले काठेपुल पनि बगाएको थियो । तिमाङ खोलामा बाढीले डुम्रे-चामे-बेँसीसहर खण्डअन्तर्गत दानाक्यु, तिमाङ सडक अवरुद्ध भएको थियो। तिमाङखोलामा पनि काठेपुल राखेर यातायात सञ्चालन गरिएको प्रजिअ लामिछानेले बताउनुभयो। प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरुङले पटकपटकको बाढीपहिराको जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले डुम्रे-बेँसीसहर-चामे सडकअन्तर्गतको मनाङ क्षेत्रमा मोटरेबल राख्न पहल भइरहेको बताउनुभयो । उहाँका अनुसार जिल्लावासीलाई सहज यात्रा गर्ने वातावरण बनाउन यहाँका विभिन्न आठ स्थानमा मोटरेबल पुल राख्न पहल भइरहेको छ ।

सांसद गुरुङले भन्नुभयो, "यहाँका नागरिकले सधैँ जोखिम र सास्ती भोगेर गर्नुपर्ने यात्रामा सहज बनाउने प्रयासमा छौँ । चालु आर्थिक वर्षमा समावेश हुनेगरी आठवटा पुल निर्माण गर्न माग गरिएको छ ।" पर्यटकीय क्षेत्र भएकाले पनि मनाङको यात्रा सहज बनाउन आवश्यक रहेको उहाँको भनाइ छ ।

गण्डकी प्रदेशसभा सदस्य मुनिन्द्रजङ्ग गुरुङले आवतजावत रोकिएपछि प्राथमिकताका साथ स्थलगत रूपमा खटिएर फलामको पुल राखी यातायात सञ्चालनमा ल्याइएको बताउनुभयो । मनाङवासीको सास्तीलाई सहज बनाउने प्रयासमा प्रदेश रहेको उहाँको भनाइ छ। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) मनाङका इन्चार्ज कपिल लामाले यात्रा कठिन भइरहेको अवस्थामा पुल पुनःनिर्माण भई सञ्चालनमा आएपछि खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुका साथै अन्य निर्माण सामग्री ढुवानीमा सहज भएको बताउनुभयो । झरनामा फलामको पुल राख्ने क्रममा कामदारले जोखिमपूर्ण अवस्थामा काम गरेका प्रजिअ लामिछानेले बताउनुभयो । "झरनाको पानी कम भएपछि मात्रै काम थालिएको थियो", उहाँले भन्नुभयो, "यहाँ पुल निर्माण भएसँगै यात्रा सहज भएको छ ।" पुल बनेसँगै विच्छेद भएको तल्लो र माथिल्लो मनाङ आवतजावत सहज हुँदा स्थानीय खुसी भएका छन् ।

# विश्व बाघ दिवसः सङ्ख्या बढेसँगै संरक्षणमा चुनौती

**रासस**
चितवन, १४ साउन

नेपालमा बाघको सङ्ख्या बढेसँगै संरक्षणमा नयाँ चुनौती थपिएका छन् । लक्ष्य लिएभन्दा बढी सङ्ख्यामा बाघ बढेपछि बासस्थान र आहारा व्यवस्थापन चुनौती बनेको हो । यससँगै मानवसँगको द्वन्द्व पनि बढ्दै गएको चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले जनाएको छ ।

सन् २०२२ मा गरिएको राष्ट्रिय बाघ सर्वेक्षणअनुसार नेपालमा बयस्क बाघको सङ्ख्या तीन सय ५५ पुगेको छ । तीमध्ये चितवन राष्ट्रिय निकुञ्जमा मात्रै यो सङ्ख्या एक सय २८ रहेको राष्ट्रिय निकुञ्जका सूचना अधिकारी एवं सहायक संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले जानकारी दिनुभयो । पाटेबाघ विश्वका १३ देशमा पाइन्छ । विश्वमा बाघ पाइने १३ मुलुकका सरकार तथा राष्ट्र प्रमुखको सन् २०१० मा रसियाको सेन्टपिटर्सवर्गमा भएको सम्मेलनले बाघको सङ्ख्यालाई सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता गरेको थियो । तत्कालीन समयमा नेपालमा एक सय २१ बाघ थिए । सन् २०२२ मा आइपुग्दा यो सङ्ख्या दुई सय ४२ पुऱ्याउने लक्ष्य लिइएकामा लक्ष्यअनुसारको सङ्ख्या बढेर तीन सय ५५ पुगेको छ । यो देशकै लागि सफलता मानिए पनि यसपछिका चुनौतीहरू भने थपिएका छन् ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी तिवारीले गत आर्थिक वर्षमा निकुञ्जमा आठवटा बाघ मरेका जानकारी दिनुभयो । बाघ मरेको कम थाहा हुने भन्दै उहाँले निकुञ्ज सुरक्षाको क्रममा बढी गस्ती गरिएकाले बाघ धेरै मरेका हुनसक्ने बताउनुभयो । बासस्थानका लागिसमेत बाघहरू एकआपसमा लडेर मृत्यु हुने गरेको तिवारीको भनाइ छ । "यो अवधिमा चारजनाको बाघको आक्रमणबाट मृत्यु भएको छ । निकुञ्जभित्र र बाहिर यस्ता घटना हुने गरेका छन् । एक जनाको निकुञ्जभित्रको कोर क्षेत्रमा र अन्यको मध्यवर्ती वन क्षेत्रमा बाघको आक्रमणबाट मृत्यु भएको हो", उहाँले भन्नुभयो । सूचना अधिकारी तिवारीले केही वर्ष अघि गरिएको अध्ययनले चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा एक सय ७५ बाघका लागि बासस्थान पुग्ने देखाएको थियो । बासस्थान व्यवस्थापनमा सुधार गरेमा अरु थप बाघ रहन सक्ने देखिएको उहाँको भनाइ छ । चितवन र पर्सा राष्ट्रिय निकुञ्ज एकआपसमा जोडिएका छन् ।

बाघको आहार प्रजाति पर्याप्त नहुँदा शिकारका लागि बाघ बाहिर बस्तीमा प्रवेश गर्ने र घटना हुने गरेको छ । निकुञ्जभित्र र आसपासका क्षेत्रमा बाघ हिंस्रक बनेसँगै नियन्त्रणमा लिएर राख्ने गरिएको छ । निकुञ्जको मुख्यालय कसरा र भरतपुरको देवनगरमा पाँच वटा बाघ खोरमा राखिएको छ । कसरामा तीनवटा छन् भने देवनगरमा दुईवटा छन् ।

सौराहामा खोर मर्मत हुँदै गरेकाले अहिले बाघ नराखिएको निकुञ्जका सूचना अधिकारी तिवारीले बताउनुभयो । नियन्त्रणमा लिएर राखिएका बाघको हेरचाहका लागि समेत कठिनाइ हुने गरेको उहाँको भनाइ छ । चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुङ्गानाले बाघको सङ्ख्या बढेसँगै चुनौती पनि थपिएको बताउनुभयो । बासस्थानको व्यवस्थापन गर्न नसक्दा मानव बस्तीमा बाघ प्रवेश गरेर द्वन्द्व बढाएको उहाँले उल्लेख गर्नुभयो । सरकारले बासस्थान व्यवस्थापनमा पर्याप्त बजेट विनियोजन गरेर निकुञ्जभित्र आहारको व्यवस्था गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

अध्यक्ष ढुङ्गानाले बाघको आहारा प्रजाति मानव बस्तीमा आएर बालीनाली खाइदिने र उनीहरूको सिकारका लागि बाघ पनि मानव बस्तीमा आउने गरेको बताउनुभयो । मध्यवर्ती क्षेत्रमा निकुञ्जमा उठेको राजस्वको ३० देखि ५० प्रतिशत विनियोजन गरेर मेसजाली, कम्पाउन्ड वाल, मध्यवर्तीमा भौतिक पूर्वाधार र संरक्षण शिक्षाका कार्यक्रम गर्दै आएकामा पछिल्ला वर्षहरूमा बजेट न्यून आएसँगै थप समस्या भएको उहाँले जानकारी दिनुभयो । सङ्कलन भएको राजस्वको २० प्रतिशतभन्दा तल मध्यवर्तीमा बजेट आएको भन्दै उहाँले यसले थप द्वन्द्व बढाउने अवस्था सिर्जना गरेको बताउनुभयो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा सिन्धुप्रसाद ढुङ्गानाले बाघको सङ्ख्या बढेसँगै आहारा प्रजाति बढाउनुपर्नेमा जोड दिनुभयो । निकुञ्जभित्र बासस्थानको व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण भइरहेको उहाँले जानकारी दिनुभयो । बाघले आफ्नै क्षेत्र निर्धारण गरेर बस्ने भन्दै महानिर्देशक डा ढुङ्गानाले सङ्ख्या थपिएसँगै सेञ्चुरी निर्माण गरेर यसको संरक्षण गर्नुपर्ने अवस्था आएको बताउनुभयो । विचरण गर्न सक्ने ठूलो खुल्ला खोर (सेञ्चुरी) निर्माण गर्ने योजनामा विभाग रहेको उहाँले जानकारी दिनुभयो । कतिपय देशहरूमा बाघ उपहार दिएर 'बाघ कूटनीति' अपनाउने विषयमा पनि छलफल भइरहेको महानिर्देशक ढुङ्गानाले बनाउनुभयो । यसबाट अन्य देशहरूमा मित्रता बढाउन सहयोग पुग्ने उहाँको भनाइ छ । बाघलाई मानव बस्तीमा आउन नदिने गरी भित्रै व्यवस्थापन गर्ने विषयमा विभागको ध्यान गएको महानिर्देशक ढुङ्गानाले बताउनुभयो । उहाँले भन्नुभयो, "आहारा प्रजाति बढाउन आवश्यक घाँसेमैदान, पानीपोखरी र सिमसार क्षेत्र सुधार कार्यक्रम अगाडि बढाउने योजनामा छौँ ।"

# अन्नपूर्णको 'कृषि एम्बुलेन्स'

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ साउन

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले कृषि उपजको ढुवानी र बजारीकरणका लागि कृषि एम्बुलेन्सको ब्यवस्था गरेको छ ।

सङ्घीय सरकार र गाउँपालिकाको लागत साझेदारीमा रु ३६ लाख १२ हजारमा एम्बुलेन्स तयार पारेको हो । कृषि उपजको बिक्रीका लागि बजारसम्म पुऱ्याउन सहज होस् भनेर गाउँपालिकाले कृषि एम्बुलेन्स सञ्चालन गर्न लागेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले जानकारी दिनुभयो । "कृषि एम्बुलेन्स तयार भएर आइसकेको छ," उहाँले भन्नुभयो "कार्यविधि बनाएर केही दिनभित्रमा सञ्चालनमा ल्याउने तयारी गरेका छौँ ।" उहाँका अनुसार एम्बुलेन्सका लागि गत आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय सरकारबाट प्राप्त भएको रु १९ लाख ८० हजार र गाउँपालिकाको रु १७ लाख ३२ हजार खर्च भएको छ । रु २५ लाख ७० हजारमा खरिद गरिएको गाडीमा कुलिङ स्टिम प्रविधि र एसोसेरिट जडान गर्दा रु दश लाख ४२ हजार खर्च भएको प्रशासकीय अधिकृत सुवेदीले बताउनुभयो । सिङ्गल क्यापको बोलेरो जिप खरिद गरी कृषि उपज सड्नेगल्ने नहोस् भनेर 'एसी' समेत जडान गरिएको छ । किसानले उत्पादन गरेको दुध, ताजा तरकारी, आलु, सुन्तला लगायतका कृषि उत्पादनको बजारीकरणमा सहयोग पुऱ्याउन पालिकाले कृषि एम्बुलेन्सको व्यवस्था गरेको गाउँपालिका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो ।

# अझै बनेन लेखनाथको बहुउद्देश्यीय 'कभर्ड हल'

**रामबहादुर थापा**
पोखरा, १४ साउन /रासस

आठ वर्षअघि पोखराको लेखनाथ रङ्गशालामा निर्माण थालिएको बहुउद्देश्यीय 'कभर्ड हल' बीचमै अलपत्र परेको छ । तीन वर्षदेखि कभर्ड हल निर्माण ठप्प अवस्थामा छ । बनेका संरचना पनि जीर्ण बन्न थालेका छन् ।

पोखरा महानगरपालिका-२९ भण्डारढिकमा निर्माणाधीन उक्त कभर्ड हल बजेट अभावमा अलपत्र परेको हो । निर्माण समितिका अध्यक्ष सुवास खड्काले पछिल्ला दुई आवमा कभर्ड हललाई कतैबाट पनि बजेट नपरेको बताउनुभयो । पोखरा रङ्गशालाको विकल्पका रुपमा लिइएको लेखनाथ रङ्गशालाको कभर्ड हल निर्माणले गति नलिएपछि खेलकुदप्रेमी निराश छन् ।

"बजेट नभएका कारण कभर्ड हल निर्माण रोकिएको हो," अध्यक्ष खड्काले भन्नुभयो। पोखरा महानगरसहित सङ्घ र प्रदेश सरकारबाट बजेट ल्याउन समितिले प्रयास गरेपनि सम्बन्धित निकायबाट सुनुवाई नभएको उहाँको भनाइ छ । अहिलेसम्म कभर्ड हलमा रु एक करोड दस लाख खर्च भइसकेको निर्माण समितिले जनाएको छ ।

आव २०७४/०७५ मा गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट छुट्टिएको रु ११ लाख बजेटबाट कभर्ड हलको निर्माण सुरु गरिएको थियो । त्यसयता राष्ट्रिय खेलकुद परिषद्को रु. ५० लाख, प्रदेशको युवा तथा खेलकुद मन्त्रालयको रु २५ र तत्कालीन प्रदेशसभा सदस्य दीपक कोइरालाको निर्वाचन क्षेत्र विकास कार्यक्रमको रु २५ लाख बजेट खर्च भइसकेको छ । उक्त बजेटबाट कभर्ड हलमा भुइँतलाको पिलर र गारो लगाउने काम भएको छ । "सबै संरचना तयार गर्न अझै तीन करोड जति बजेट लाग्छ", अध्यक्ष खड्काले भन्नुभयो, "भलिबलदेखि मार्सल आर्टलसम्मका प्रायः सबै 'इन्डोर' खेललाई हुने गरी कभर्ड बनाउन लागिएको हो ।" कभर्ड हल नहुँदा खेलाडी खुला चौरमा खेल्न बाध्य छन् । प्रशिक्षक हेमन्त विकले सात वर्षदेखि खुला आकाशमुनि कराते सिकाउँदै आएको सुनाउनुभयो ।

"घाँसे मैदानमा प्रशिक्षण चलाउनुपर्ने बाध्यता छ, कभर्ड हल छैन, बर्खामा ट्र्याक हिलाम्मे हुँदा खेलाडी दौडन पनि पाउँदैनन्", विकले दुःखेसो पोख्नुभयो, "रङ्गशाला मात्र भनेर के गर्ने खेल पूर्वाधार छैन ।" बहुउद्देशीय कभर्ड हल ४५ मिटर लामो र २६ मिटर चौडा हुने गरी निर्माण सुरू गरिएको थियो । सुरुमा रु तीन करोडको बजेट अनुमान गरिए पनि महँगीका कारण अब लागत पनि बढ्ने भएको छ ।

नवौँ राष्ट्रिय खेलुकद प्रतियोगिता पोखरामा हुँदा राखेप सदस्य सचिव टङ्कलाल घिसिङले उक्त कभर्ड हलको अवलोकन गरी बजेटका लागि पहल लिने आश्वासन दिनुभएको थियो । प्रदेश सरकारका प्रतिनिधिले पनि पटकपटक बजेटको कमी हुन नदिइने बताउँदै आएका छन् । तर बजेटकै कारण महत्त्वपूर्ण खेल पूर्वाधार वर्षौँदेखि अलपत्र छ । कभर्ड हलमा हालसम्म भएको लगानी यसै खेर जाने हो कि भन्ने चिन्ता स्थानीय खेलप्रेमीहरूलाई छ । पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिलगायत खेल क्षेत्रसँग सम्बन्धित सङ्घसंस्थाले बजेट नभएर कभर्ड हल अलपत्र परेपछि तीनै तहका सरकारको ध्यानाकर्षण गराइएका थिए । लेखनाथ रङ्गशालालाई पूर्वाधार सम्पन्न बनाउन पोखरा महानगरले अगुवाई गर्नुपर्ने स्थानीयवासीको माग छ ।

खेलाडी उत्पादनदेखि र खेल गतिविधि सञ्चालनका लागि लेखनाथ रङ्गशाला उपुयक्त ठाउँमा रहेकाले पूर्वाधारमा राज्यले लगानी गर्नुपर्ने अध्यक्ष खड्काको भनाइ छ । रङ्गशालामा भएका अन्य खेल पूर्वाधारको पनि उचित रेखदेख र संरक्षण हुन नसकेको स्थानीयवासीको गुनासो छ ।

## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा-२५ बस्ने कविता पुनको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २५ को कित्तानं. ५४१३ को क्षेत्रफल ०-६-०-० वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि.नं. ५१३१ र दक्षिण तर्फ कि. नं. ५४१३ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को तालचोक कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।